नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
मकवानपुर

निर्णयहरूः-

१. श्री गृह मन्त्रालय, आन्तरिक प्रशासन, सवारी तथा सभा समारोह व्यवस्थापन शाखा, सिंहदरबार, काठमाडौंको च.नं. २९५, मिति २०७९-१०-१७ को सवारी साधन लिलाम विक्री गर्ने तथा श्री गृह मन्त्रालय, आर्थिक प्रशासन शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ३५७, मिति २०७९-१०-२५० को पत्रसाथ संलग्न महालेखा नियन्त्रक कार्यालयबाट जारी सरकारी सम्पत्ति तथा जिन्सी मालसामान लिलाम विक्री सम्बन्धी कार्यविधि, २०७९ को व्यहोरा बैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा कार्यविधिमा उल्लेखित विषयहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्नु, गराउन हुन साथै लिलाम विक्री गर्नुपर्ने सवारी साधनहरूको विवरण जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई उपलब्ध गराउन बाँकी कार्यालयहरूले यथाशीघ्र विवरण उपलब्ध गराउने र विवरण उपलब्ध गराई सकेका कार्यालयहरूले लिलाम विक्री गर्ने प्रक्रिया यथाशक्य चाँडो अगाडि बढाई सो को जानकारी जिल्ला प्रशासन कार्यालय, मकवानपुरलाई गराउने ।

२. श्री गृह मन्त्रालय, कार्यालय, व्यवस्थापन तथा जिन्सी शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ६७५, मिति २०७९-१०-२६ को राष्ट्रिय प्रजातन्त्र दिवस मनाउने विषयक पत्रको व्यहोरा बैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा सम्वत् २०७९ फागुन ६, ७ र ८ गते तीन दिनसम्म राष्ट्रिय प्रजातन्त्र दिवस, २०७९ भव्यताकासाथ मनाउने सम्बन्धमा जिल्लाभित्र देहायअनुसार गर्ने, गराउने ।

क. जिल्लास्थित सबै सरकारी कार्यालय, सार्वजनिक एवं सामुदायिक संघ-संस्था, शैक्षिक प्रतिष्ठान तथा निकायहरूमा राष्ट्रिय झण्डा फहराउने ।

ख. सबै स्थानीय तहहरूमा सार्वजनिक स्थलहरूको सरसफाई तथा वृक्षारोपण गरी सम्भाव्य स्थानहरूमा राष्ट्रिय झण्डा राखी सजावट सहित सौन्दर्यीकरण गर्ने ।

ग. फागुन ६, ७ र ८ गते साँझ जिल्लास्थित सबै सरकारी कार्यालय, सार्वजनिक एवं सामुदायिक संघ-संस्था, शैक्षिक प्रतिष्ठान तथा निकायहरूमा दिप प्रज्ज्वलन गर्ने ।

३. श्री गृह मन्त्रालय, निजामती कर्मचारी प्रशासन शाखा, सिंहदरबार, काठमाडौंको च.नं. ११४०, मिति २०७९-११-०३ को सुझाव कार्यान्वयन विषयक पत्रको व्यहोरा बैठकमा जानकारी तथा छलफल भयो । सो सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूबाट भएका निर्देशनहरू जिल्लास्थित सबै सरकारी कार्यालय तथा सार्वजनिक संस्थानहरूको प्रभावकारी रूपमा कार्यान्वयन गर्ने, गराउने ।

राजेन्द्रदेव पाण्डे
प्रमुख जिल्ला अधिकारी